साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
SALT TRADING CORPORATION LTD.

सत्यमेव परं धनम्

पत्र संख्या/Ref No.

२०७८।०७९ च.नं. १४ (क.सं.)

मिति : २०७८।०६।१५

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : ५४ औं वार्षिक साधारणसभा गर्ने जानकारी तथा शेयर दा.खा. बन्द हुने जानकारी सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कर्पोरेशनको सञ्चालक समितिको मिति २०७८।०६।१४ गते बसेको १०१० औं बैठकको निर्णयानुसार कर्पोरेशनको ५४ औं वार्षिक साधारण सभा मिति २०७८ कार्तिक १६ गते मंगलबार बिहान ११:०० बजे भिडियो कन्फरेन्सिङ्ग (Virtual Zoom Meeting) मार्फत निम्न विषयहरुमा छलफल गर्न बस्ने भएको हुँदा उक्त प्रयोजनको लागि आगामी मिति २०७८।०७।०२ देखि २०७८।०७।१६ गते सम्म यस कर्पोरेशनको शेयर दाखिला खारेज बन्द गरिएको व्यहोरा तंहाको जानकारीको लागि अनुरोध गर्दछौं ।

**छलफलका विषयसूचि** :

**क. सामान्य प्रस्ताव**

१. चवन्नौं वार्षिक साधारणसभाका लागि आर्थिक बर्ष २०७६/२०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आर्थिक वर्ष २०७६/२०७७ को लेखापरिक्षकको प्रतिवेदन सहित सोही आ.व. को वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारीश अनुसार आर्थिक वर्ष २०७७/२०७८ को हिसाब लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने । (हालको लेखापरिक्षक श्री कुवेर एण्ड कम्पनी चार्टड एकाण्टेण्टस्को ३ बर्ष पुराभएको हुँदा पुनः नियुक्तीको लागि योग्य हुनुहुन्न)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम ५ प्रतिशतका दरले नगद लांभाश वापत रु ९६,०१,२३०।–वितरण गर्न स्वीकृत गर्ने ।

**ख. बिशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कर्पोरेशनको हालको चुक्ता पूँजीको २० प्रतिशतले हुने रकम रु ३,८४,०४,९२०।–वरावरको वोनश शेयर जारी गर्ने । (वोनश शेयर तथा नगद लाभांशको करकट्टी नगद लाभांशबाट कट्टी गरी भुक्तानी गरिनेछ ।

२. कम्पनी ऐन २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम ऋण सुविधा लिने स्वीकृती उपर छलफल गरी पारित गर्ने ।

**ग. विविध**

भवदीय
नि. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड

(उमेशकुमार ओभा)
प्रबन्धक/कम्पनी सचिव

बोधार्थ
श्री नेपाल स्टक एक्सचेञ्ज लि., सिंहदरवा प्लाजा, काठमाडौं ।
श्री सिडिए एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
श्री एनआईबिएल एस क्यापिटल, लाजिम्पाट, काठमाडौं ।